बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**R.K.H.R. SOLUTION PVT.LTD.**
श्रम ई. पत्र नं.: १५६५/०७९/०८०
Gaushala-09, Kathmandu | Tel No.: 01-5912861 | Email: rkhrsolution2022@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१३ मंसिर २०७९, मंगलबार
29 November 2022, Tuesday

## सम्पादकीय

# निर्विकल्प पुनर्स्थापना

काठमाडौं महानगरको टोलीविरूद्ध थापाथलीस्थित सुकुम्बासी बस्ती सोमबार प्रतिरोधमा उत्रिएर पछि नहट्ने चेतावनी दिएको छ । महानगरको टोली डोजर सहित यो बस्ती पुगेको थियो । तर महानगरको टोलीलाई सुकुम्बासी बस्तीभित्र पस्न दिइएन । ढुंगामुढादेखि घरेलु हतियार समेत लिएर सुकुम्बासी बस्ती प्रतिरोधमा उत्रिएको थियो । उनीहरूले कुनै हालतमा बस्ती उठाउन नदिने अडान लिएका छन् । महानगरले पनि अनाधिकृत बस्ती कायम नराख्ने चेतावनी दिएको छ । दुवैतर्फ देखिएको आक्रोशलाई गम्भीर रूपमा लिइनुपर्छ । विशेषगरी नेतृत्वले यसबारे सोच्नुपर्छ । अझ त्यहीका बस्तीले दिएको मत गणिनसक्दै यस्तो रौद्र रूप देखिनु गम्भीर विषय हो । केही समय अगाडि मात्रै मतको बदला सुकुम्बासीले खेपिरहेको समस्या हल गर्ने प्रतिबद्धता जनाउन पुगेका उम्मेद्वार हरूले आफ्नै बोली सम्झन आवश्यक छ ।

पक्कै पनि अनधिकृत बस्ती रहनु राम्रो होइन । देशैभर भएका सुकुम्बासी बस्तीको दीर्घकालीन समाधान खोजिन आवश्यक छ । सुकुम्बासी भोटको विषय नभए राज्यको दायित्व हो । यसबारे सचेत पंक्तिले बुझ्न र बुझाउन आवश्यक छ । अझ राजधानी उपत्यकाभित्रै सुकुम्बासी समस्या देखिनुले मुलुकको गरिमामाथि प्रश्न उठ्ने विषय हो । तर सुकुम्बासी रहरको विषय नभएर बाध्यता हो । नागरिकले खेपिरहेको यस्तो बाध्यतालाई राज्यले बुझ्नुपर्छ । नागरिकको दुखमा राज्य दुखेन भने त्यो बेलाको परिस्थिति नै भिन्न हुनेछ । कम्तिमा अहिलेको लोकतन्त्र हुनेछैन । त्यसैले सुकुम्बासी बस्तीमाथि हरेक शासकले पहिलो निशाना बनाउने प्रवृत्ति अब छोड्नुपर्छ ।

सुकुम्बासी बस्तीले गरेको प्रतिरोधको रूप पनि आपत्ति जनक छ । जसरी घरेलु हतियारकै प्रयोग गरेका छन्, त्यो सही तरिका होइन । बस्ती उठाउन आएको टोलीले बल प्रयोग गर्न खोज्दैमा बस्ती पनि उस्तै रूपमा उत्रदा उत्पन्न हुने परिस्थितिले मर्यादा नाघ्न सक्छ । त्यसो हुँदा सुकुम्बासी बस्ती शान्तिपूर्ण तरिकाले अवज्ञा गर्न सक्छन् । आफ्ना कुरा राख्न लोकतन्त्रले छुट दिएको छ । लोकतान्त्रिक प्रक्रिया अपनाउन आवश्यक छ । महानगरले कुरा नसुनेमा सुन्ने निकाय अरू पनि छन् । महानगरको कदम त त्यसैपनि आपत्तिजनक छ । नागरिक संरक्षणको जिम्मा अरू निकायलाई छोडेर डोजर बाहेक अर्थोक नदेख्ने महानगर नेतृत्वले कार्यशैली सच्याउन आवश्यक छ । कम्तिमा गरिखाने वर्ग, सुकुम्बासी र निरीह नागरिकप्रति क्रुरता देखाएर गरिने कार्यले महानगरको गरिमा बढ्दैन । बरू बद्नामी हुन्छ ।

# सभ्यताको विकास अनि विज्ञान र दर्शन

अग्रलेख



● सरस्वती महरा

वैज्ञानिक युगको शुरुवात कहिलेदेखि भयो भन्न सकिन्न । तथापी, इतिहासमा पहिलो वैज्ञानिक भनेर थेल्सको नाम उल्लेख भएको पाइन्छ । थेल्स प्राचीन ग्रीकको समृद्ध शहर मिलेटसमा २५०० वर्ष अघि जन्मिएका थिए । थेल्सको योगदानलाई वैज्ञानिक र दार्शनिकरूपमा मान्ने गरिन्छ । सम्भवतः तिनि नै पहिलो दार्शनिक पनि थिए । थेल्स व्यापारी थिए तर, उनी राजनीतिज्ञ, गणितज्ञ र ज्योतिर्विद् पनि थिए ।

थेल्सबारे भन्ने गरिन्छ प्राचीन ग्रीसको कुनै एक ठाउँमा सूर्य ग्रहण हुनुभन्दा अघि नै त्यसको मिति र समय उनले जोखी सकेका थिए रे ! स्थानीय मानिसहरूलाई सूर्यग्रहणदेखि भयभीत नहुन र ग्रहण पछि फेरि पहिले कै अवस्थामा सूर्य देखिनेछ भन्ने कुरामा पनि उनले आश्वस्त गराएका थिए रे ! नभन्दै उनको कुरा सही साबित हुन्छ ।

थेल्स ईश्वर बिनाको विश्वको अवधारणालाई मान्दथे । उनी पृथ्वीमा भएका सबै चीजहरू पानीद्वारा बनेका हुन् भन्ने कुरामा विश्वास गर्थे । उनी आफुले अवलोकन र निरिक्षण गरेर पत्तो लगाइएका चीजहरूको मात्र कुरा गर्थे । यसरी जीवन, जगत र प्रकृतिलाई हेर्ने, बुझ्ने कुरामा थेल्स भौतिकवादी थिए भन्ने बुझिन्छ ।

थेल्सको करिब २०० वर्षपछि ग्रीक एथेन्समै सुकरात पनि जन्मेका थिए । ग्रीसमा एक महान् शिक्षकका रूपमा स्थापित सुकरात कुनै स्कुल, महाविद्यालय र विश्वविद्यालयका शिक्षक वा प्राध्यापक भने थिएनन् । तथापि उनले पश्चिममा जगतको बौद्धिक जीवन एवम् वैचारिक क्षेत्रमा हलचल मच्चाइदिए ।

भनिन्छ सुकरात खाली खुट्टै हिँड्थे रे ! बाटा, गल्ली, चोक र सडकहरूमा भेटेजति मानिसहरूसित दर्शन र ज्ञानका कुराहरु गरी हिँड्थे रे ! सत्यको खोजी गर्ने र सत्यसित साक्षात्कार गर्ने र गराउने कुरालाई सुकरात जीवनको आनन्द ठान्दथे । विद्वानहरू सुकरातलाई घुमन्ते दार्शनिक भन्न रूचाउँछन् ।

प्लेटोले आफु सुकरातको शिष्य भएको र विशेष 'सुकरातको युगमा आफु जन्मिएकोमा आफ्नो जीवनको सर्वाधिक सुख र गौरवपूर्ण विषय' भएको (सुकरात अ बायोग्राफी, पुण्यप्रसाद प्रसाईं पृष्ठ १८)- उल्लेख गरेका छन् ।


सुकरात एथेन्सका महान् दार्शनिक एनेक्सागोरसका शिष्य थिए । एनेक्सागोरस नास्तिक थिए । ग्रीक दर्शनको इतिहासमा एनेक्सागोरसको भूमिका वस्तुको गति सम्बन्धी अवधारणालाई लिएर महत्वपूर्ण मान्ने गरिएको छ । एनेक्सागोरस संसारको मुल के हो भन्ने कुरा खोज्दथे । प्लेटोका शिष्य प्रतिभाशाली अरस्तु एनेक्जागोरसको बौद्धिकताबाट असाध्यै प्रभावित थिए ।

अरस्तु सुकरातको चरित्र र व्यक्तित्वलाई आदर्श रूप मान्छन् । सुकरात जीवनको निरिक्षण र परिक्षण गरिनुपर्ने कुरामा जोड दिन्छन् । उनी जुन जीवन समीक्षाको कसीमा खरो उत्रन सक्दैन, त्यो जीवन जिउने योग्य छैन भन्दछन् । तथापि प्रसव कष्टकर भएजस्तै सत्यसित साक्षात्कार गर्ने विषय पनि निकै कष्टकर हुने भन्दछन् । जीवनको मुल सार अनि मर्म उनी आफुलाई चिन्ने कुरालाई मान्दछन् । उनले भनेका छन्, "मैले आफ्नो सारा जीवनमा आफुलाई चिन्ने प्रयत्न गरे !" (ऐजन, पृष्ठ २७) ।

सुकरात मानव जीवनको मूल्य, सार्थकता र औचित्यमा नै दर्शन, ज्ञान र सत्यको औचित्य निहित छ भन्ने कुरा मान्दथे । आफुभन्दा अघिका प्रकृतिवादी (प्रकृतिलाई जीवनको मुल ठान्ने) दार्शनिक एवम् भौतिकतत्व र प्रकृतिलाई नै मुल मान्ने आफ्ना गुरू एनक्सागोरसभन्दा छुट्टै सुकरात, 'मानवता'लाई जीवनको मुल ठान्ने मानवतावादी दार्शनिक थिए । उनको दर्शनको मुल सार र आदर्श, मानवता र सत्यतामा निहित थिए । उनी त्यसैमा नै सौन्दर्य देख्दथे । त्यही आदर्शको लागि सुकरातले निरंकुश सत्ताको विरूद्ध संघर्षमा स्वेच्छाले नै आफ्नो जीवनको आहुती दिए ।

सुकरातको मानव जीवनभित्रबाट सत्य ज्ञान एवम् दर्शनको साक्षात्कार गर्ने र उद्घाटन गर्ने अन्तरसंवाद वार्तालापीय, वाद-विवाद-सम्वादको पद्धति द्वन्दात्मक रहेको बुझिन्छ । मार्क्सवादी दर्शनको कुरा गर्दा हिगेलको द्वन्दवादी पद्धतिभन्दा अघि जानपरे अरस्तु र सुकरातसम्म पुग्नुपर्ने हुन्छ ।

त्यस्तै, साहित्य कलाको क्षेत्रमा होमरका कविताहरू र विशेष 'इलियड' (महाकाव्य)मा बर्बर युगको उन्नत आवस्थाले आफ्नो विकासको चरम शिखरमा पुगेको र उक्त बर्बर आवस्थामा उत्पादनको के, कसरी विकास भएको थियो भन्ने कुरालाई बुझ्न होमरका काव्यहरू महत्वपूर्ण ऐतिहासिक साक्ष्य/प्रमाणको रूपमा रहेको एंगेल्सले भनेका छन् । उनले 'होमरका महाकाव्यहरू र सम्पूर्ण पुराणको बिरासतलाई लिएर युनानीहरूले बर्बर युगदेखि सभ्यताको युगमा प्रवेश गरेको कुरा बताएका छन् (एंगेल्सः परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति, पृष्ठ ३३) । यसप्रकार दर्शन, ज्ञान विज्ञानको विकासको सापेक्षतामा कलासाहित्यले पनि विकास गरेको बुझिन्छ ।



*आधुनिक मानवले आफ्ना आदिम जंगली पुर्खाहरुले आफुलाई भयमुक्त गराउन जन्माएका देवता र ईश्वरहरू, आफ्ना पुर्खाहरुले इतिहासलाई दिएको आदिम धरोहरका विरासत र प्रमाणहरू हुन् भन्ने कुरालाई अझै विश्वास गर्न सकिरहेको छैन । भौतिक मानवले जन्माएको पराभौतिक विषयवस्तुलाई इतिहासमा उचित र सम्मानित ठाउँ दिनपर्ने कुरामा आधुनिक मानव अझै पनि विश्वस्त बन्न सकिरहेका छैनन् ।*

सभ्यताको प्रारम्भिक इतिहासमा मानवका सरल, सहज, स्वाभाविक भावोद्गारहरू मौखिक एवम् परम्पराका रूपमा विकास भएको बुझिन्छ । पश्चिमी लोकजीवनका आख्यान एवम् गीतहरूको संयोजनको फलस्वरूप लोकगाथा अथवा ब्यालेडबाट इलियड, ओडिसी जस्ता महान् कृतिहरूको रचना भएको हो भन्ने पश्चिमा विद्वानहरूको भनाई छ । यी दुवै महाकाव्यहरू ग्रीसेली लोकगीत र पुराणका भण्डार तथा पश्चिमा साहित्यका र विश्वकै उत्कृष्ट रचनाहरू भएको विद्वानहरू मान्दछन् ।

संसारलाई यति विशिष्ट महान् रचनाहरू दिने र आफ्नो उत्कृष्ट कलाको माध्यम यौटा सिंगो युगको बयान गर्न सक्ने महाकवि होमर तर, तारानाथ शर्मा र कतिपय विद्वानहरूको अनुमानमा घुमी हिड्ने गाइने थिए रे ! यसरी भनौ प्रकृति र जीवनबाट प्रेरित, उत्साहित, सरल र साधारण जीवन व्यतीत गर्ने तत्कालीन बुद्धिजीवी, दार्शनिक, कलाकारहरू सामाजिक जीवनमा तर महान, असाधारण र भव्य थिए । अथवा यसो भनौ विज्ञान, दर्शन, कलासाहित्य, मानव जीवन, व्यावहार अनि प्रकृतिको काखमा स्वाभाविक अनि सहज ढंगमा हुर्किएको बुझिन्छ । असलमा जीवनसितको संघर्षको क्रममा, प्रकृतिसितको संघर्षको क्रममा अथवा जीवन व्यवहार अनि सत्यको खोज गर्ने आवश्यकतामा विज्ञान, दर्शन, इतिहास एवम् कला साहित्यको प्रादुर्भाव भएको बुझिन्छ । त्यसैको सार अनि संश्लेषितरूपको छुट्टै व्यवहारिक अभिव्यक्ति संस्कृति र राजनीति भएको बुझ्न सकिन्छ ।

निश्चय पनि ती सबैको आधार एवम् कारक रूप भने तत्कालीन सामाजको अर्थनीति वा आर्थिक उत्पादन सम्बन्ध नै मुल र प्रमुख रहेको बुझ्न सकिन्छ । अतः तत्कालीन उत्पादन सम्बन्ध आधारित त्यहीरूपको सामाजिक चेतनाका विविध रूपहरू विज्ञान, दर्शन, इतिहास कलासाहित्य, राजनीति एवम् संस्कृतिलाई बुझ्न सकिन्छ । इतिहास त्यही अनेकन् विविध रूपहरूको मोठ एकमुष्ट, एकगठ सार संश्लेषित अभिव्यक्तिका रूपमा बुझिन्छ । सो विज्ञान, दर्शन, साहित्यकला, राजनीति र संस्कृतिका साथै इतिहासको ज्ञानको आवश्यकता पनि मानव जीवनलाई अपरिहार्य हुन्छ । मानव इतिहासलाई हेर्दा, प्रकृतिको सर्वश्रेष्ठ उपज मानव, आरम्भमा पनि पशु जीवनको तुलनामा कयौं गुणा अगाडी देखिन्छ ।

आगोको आविष्कार गर्ने आदिम जंगली मानव यो धर्तीमा पहिलो वैज्ञानिक र आविष्कारक थिए । घमाइलो घामको न्यानो स्पर्शलाई सबैभन्दा पहिला अनुभुत गर्ने, बिहानीको रिमरिमे उषाकिरणमा रमाउने, आकाशबाट पानी खस्दा आकाश, अन्तरिक्ष र पानीको मुल खोज्ने पहिलो दार्शनिक आदिम जंगली मानव नै थिए । सौन्दर्यबोधी चेतनाको सम्पूर्णरूपले विकास नभएको अवस्थामा पनि सुनसान शुन्य आकाशमा ताराहरू झिल्मिलाएको देख्दा व्यग्र उत्कण्ठा आवेगसहित उल्लासित र रोमाञ्चित हुनु, जुनेली आकाशमा उदाएको जुनको स्निग्ध सुन्दरतासित, उजेलिएको धर्तीको सुन्दरता र चहकलाई देखेर जीवन अनि जीवनको सुन्दरताबारे बोध गर्ने सबैभन्दा पहिलो सौन्दर्यबोधी सौन्दर्यचिन्तक ती आदिम जंगली मानिस नै थिए । त्यसो र जीवनबोधी सौन्दर्यको अनुपम उद्गार र अभिव्यक्ति स्वरूप ती जंगली मानिसले नै सर्वप्रथम सुस्तरीसित गीत जस्तो केही गुनगुनाए र कविता जस्तो केही बोले होला र यो धर्तीमा पहिलो 'आदिम कवि" जन्मिए होलान् । यसरी साहित्यकला सौन्दर्य दर्शनका पहिलो पारखी पनि ती जंगली मानिस नै भए होलान् । यसरी सभ्यताको युगको शुरुवात हुनुभन्दा धेरै अघि नै मानव जीवनको प्रथम प्रहरमा पनि, धर्तीमा आदिम जंगली मानवको उपस्थिति कुनै दुर्भाग्यपूर्ण दुर्घटना वा संयोग मात्र नभएर त्यो जीवन र प्रकृतिकै लागि आधारभूत पहिलो अप्रतिम शर्त अनि आवश्यकता भएको बुझिन्छ ।

त्यतिमात्र होइन आजपर्यन्त सर्वशक्तिमान कहल्याइएका, देवता र ईश्वरलाई जन्माउने पनि तिनै आदिम जंगली मानिस नै थिए । ती आदिम मानिसहरूले भयमुक्त गरेर आफैंलाई अभय दान दिन देवता र ईश्वरलाई जन्माएका थिए । देवता र ईश्वर यसरी आदिम मानवका आदिम चेतनाका उपज, ती तर, आदिम जगली मानवले आफ्नो समस्याको हल आफैंद्वारा गरेका महती उदाहरण र आदिम इतिहासका बालसुलभ सुन्दर प्रमाणहरू हुन् ।

आधुनिक मानवले आफ्ना आदिम जंगली पुर्खाहरुले आफुलाई भयमुक्त गराउन जन्माएका देवता र ईश्वरहरू, आफ्ना पुर्खाहरूले इतिहासलाई दिएको आदिम धरोहरका विरासत र प्रमाणहरू हुन् भन्ने कुरालाई अझै विश्वास गर्न सकिरहेको छैन । भौतिक मानवले जन्माएको पराभौतिक विषयवस्तुलाई इतिहासमा उचित र सम्मानित ठाउँ दिनपर्ने कुरामा आधुनिक मानव अझै पनि विश्वस्त बन्न सकिरहेका छैनन् । यद्यपी, संसार जहिले पनि परिवर्तनको आवस्थामा छ । त्यसैको सापेक्षतामा मानव विवेक पनि प्रगतिशील परिवर्तनको पक्षमा छ ।

मानवका ज्ञान, चेतना उत्पादन सम्बन्धमाथि आधारित, त्यसैअनुरूपको हुने यसबाट पनि बुझिन्छ । यद्यपि जुनसुकै समाजको विकासलाई गति दिने, उत्पादन सम्बन्ध परिवर्तनशील र गतिशील विकासको प्रक्रियामा हुनुले मानवीय ज्ञान चेतना पनि परिवर्तनशील विकासको गतिशील आवस्थामा भएको बुझ्न सकिन्छ । आदिम जंगली मानिसकै परिवर्तनशील स्वरूप आधुनिक मानव भएको पनि बुझ्न सकिन्छ । प्रकृतिको उषाकालदेखिकै प्रकृतिको दुर्लभ उपज मानिस, जंगली आदिमकालदेखि नै निरन्तर जीवनसंघर्ष र जीवन व्यवहारको क्रममा सामाजिक विकासको निरन्तर गतिशील प्रकियामा खारिँदै गइराखेको छ । यसरूपमा मानव ज्ञान चेतना र विवेक उत्तरोत्तर अझै परिवर्तन, विकास र प्रगति अपेक्षित रहेको छ ।

## सामाजिक सञ्जाल



**- मिलन पाण्डे**

समाजका लहरहरू निकै अस्थायी हुने गरेका छन् । कुनै बेला 'लालबाबु पण्डितलाई प्रधानमन्त्री बनाउने' अभियान चल्यो । हामीले नै 'धुर्मुस सुन्तली'लाई भगवान् बनायौं । हामी कि त भगवान् खोज्छौं कि सिधै दानव बनाउँछौं । हामीले समाधान व्यक्तिलाई भगवान् बनाएर होइन, संस्थाहरू बलियो बनाएर खोज्नुपर्छ ।



**- सेतेमान तामाङ**

लोभी मानिसले त्यागको कुरा गर्नु, अपराधीले न्याय माग्नु, भ्रष्टाचारीले सुशासन खोज्नु र क्रुर शासकले लोकतन्त्र जप्नु उस्तै हुन । ती सबै भ्रमित तुल्याउने षड्यन्त्र गरिएको मात्रै हो, वास्तविकता चाहिँ उहीँ अवसर पाउन साथ बोलीलाई रूपान्तरण गरी सक्कली व्यवहार देखाई दिने चरित्र लुकेकै हुन्छ ।



**- डा. बाबुराम भट्टराई**

शासकीय प्रणालीमा सुधार नभएसम्म देश गठबन्धनको राजनीतिबाटै गुज्रने स्पष्ट भएको स्थितिमा यी मूल विषयमा बृहद सहमति गरेर कार्यान्वयनमा प्रतिस्पर्धा गर्ने किः १.भूराजनीतिको व्यवस्थापन; २.संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकास; ३.समतामूलक समृद्धिको बाटो; ४.सुशासनका निम्ति संस्थागत सुधार ?



**- मानवी पौडेल**

बलात्कार र कुटपिट मात्र हिंसाका परिचायक होइनन् । महिलाले लगाएका लुगा, अपनाएको जीवनशैलीप्रति निम्छरो टिप्पणी गर्नेहरू चाहीँ साँचोरूपमा महिला हिंसा निम्त्याउने कारक हुन् । यदि तपाईं हिंसाको पक्षपाती होइन भने त्यस्ता घटिया टिप्पणी बन्द गर्नोस् । अन्यथा म हिंसा बिरोधी भन्ने ढोंग नपिट्नोस् ।



**- बाबुलाल भण्डारी**

अब न्यूनतमरूपमा प्रदेश संरचना खारेजीको बुलन्द आवाज संसदमा उठ्नेवाला छ, यो आवाज दुर्दमनीय छ । अर्थात् यो देशलाई माया गर्ने कसैले यसको विरोध गर्न सक्ने छैनन् । आफ्ना कार्यकर्तालाई भाग पुऱ्याउने कुरोलाई देश र जनताभन्दा माथि राख्ने अरूमा यसको विरोध गर्ने हिम्मत र नैतिक बल हुने छैन ।

# चुनावको सन्देश

विचार



● भरत दाहाल

*नेपाली मनोविज्ञान चरम आक्रोश, परम्परागत नेतृत्वप्रति घृणा र बदलाको भावनाबाट गुज्रिरहेको छ । यो मनोविज्ञानसँग खेलेर फाइदा उठाउन खोज्नेहरुको भविष्य चुनावी नतिजालाई हेर्दा पनि थप सकसपूर्ण हुने देखिन्छ । चुनावी नतिजाले जनताको ठूलो हिस्सा परिवर्तनको पक्षमा जबर जस्त उठिरहेका स्पष्ट पार्छ । यदि यो हिस्सा संगठनात्मक शैलीमा अगाडि आयो भने परिवर्तन टाढा हुनेछैन ।*

नाराबाजी र आश्वासनका हिसाबले आजसम्मकै सबैभन्दा भ्रमपूर्ण परिवेश सुरु भयो । अनुकूलताको हिसाबले देश र समाज विरोधी व्यवस्था र यसका बाहकहरुको सकिने अवस्था बन्यो । नेपालको ९० प्रतिशत जनमत एमसीसी, एसपीपी, नागरिकता ऐन, विकास विरोधी राज्य नीतिका विरुद्धमा छ तर, चुनावमा मतदान चाहिँ यी सबै कुरालाई ढाकछोप गर्दै वा समर्थन गर्दै आएकाहरुको पक्षमा देखिएको छ । नेपाली मनोविज्ञान चरम आक्रोश, परम्परागत नेतृत्वप्रति घृणा र बदलाको भावनाबाट गुज्रिरहेको छ । यो मनोविज्ञानसँग खेलेर फाइदा उठाउन खोज्नेहरुको भविष्य चुनावी नतिजालाई हेर्दा पनि थप सकसपूर्ण हुने देखिन्छ ।

राजनीतिक लडाईं एकदमैं जटिल हुन्छ । यसलाई सरल शुत्रका आधारमा बुझ्न सकिँदैन । चुनाव परिणामसँग जोडिएको विद्रोह र द्विविधाको मनस्थिति नै विष्फोटको बलियो आधार हो । सर्वसाधारण मानिसले ठूला र गहिरा कुरा बुझ्दैन र यस्ता कुराहरूप्रति उसको चासो पनि निकै कम हुन्छ । उसले बुझ्ने भनेको आफ्नो जीवन हो । देशमा गरिखान नपाएर वैध वा अवैधरूपमा झण्डै ८० लाख नेपालीहरु परिवार छोडेर विदेशिन बाध्य भएका छन् । यसबाट उत्पन्न भएको पीडा नेपालीले अनुभूती गरेको छ ।

अब आम नेपालीहरुलाई घरघरमा बुझाउनु पर्ने कुरा के छ भने देश रसातलमा पुग्नु र नेपालीहरुले देशभित्र रोजगारी नपाएर विदेशिन बाध्य हुनुको कारण बाह्य शक्तिको खेल हो । विश्व व्यापार संगठन, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक जस्ता दर्जनौं संस्थाहरुसँग गरिएका सम्झौताहरु अनुसार विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न नै सम्भव छैन । उनीहरुका प्रावधानअनुसार नेपालले सबैका लागि आफ्नो बजार खुला गर्नु पर्दछ र स्वदेशी अर्थतन्त्रलाई राज्यले संरक्षण गर्न पाउँदैन । त्यस्तै, आम नागरिकहरुका हितसँग जोडिएका शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रहरुमा राज्यले नाम मात्रको लगानी गर्न पाउँछ र यी सबैको निजीकरण हुनु पर्दछ । विदेशी ऋृण र अनुदानहरु दाताहरुले तोकेको क्षेत्र, तिनीहरुले परिकल्पना गरेको डिजाईन र सर्तअनुसार मात्र लगानी गर्न पाइन्छ । ऋृण दाता विदेशीहरुले जुन क्षेत्रका लागी ऋृण दिन्छन्, सो क्षेत्रको नीति बनाउने र कार्यान्वयन गर्ने अधिकार तिनीहरुसँग हुनु पर्दछ । विकास भनेको भौतिक पूर्वाधारको विकास हो । बजेटलाई स्वदेशी श्रोत साधनमा आधारित उत्पादनमा लगानी गर्न पाईंदैन । देश र नागरिकहरु कंगाल बनाईनुका कारण यीनै हुन् ।

यही बाह्य षडयन्त्रअन्तर्गत् २०४६ सादपछि देशका औद्योगिक संरचनाहरु बेचेर ध्वस्त बनाइएको हो । यही षडयन्त्रअन्तर्गत राज्यले कृषि, जडिबुटी, पशुपंक्षी, पानी, खानी, खनिज, वनजंगल जस्ता प्रचुर स्वदेशी श्रोतहरुमा लगानी नगरेको हो । यही षडयन्त्रअन्तर्गत राज्यले स्वदेशी उत्पादनलाई संरक्षण नदिएर जुम्लाका स्याउहरु जंगलमा फ्याँक्न बाध्य बनाएको हो । यही षडयन्त्रका कारण राज्यले नेपालीहरुलाई शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारहरुबाट बञ्चित गर्नका लागि ती क्षेत्रको निजीकरण गरेको हो । यस्तोमा राष्ट्रवादी शक्ति दृढतापूर्वक उभिएर जनताको पक्षमा राजनीतिलाई डोऱ्याउने भूमिका खेल्नुपर्छ । चुनावले दिएको सन्देश पनि यही हो ।

## पाठक पत्र

# पुरानै प्रवृत्तिको जित



● खिमराज गिरी

प्रतिनिधिसभा र प्रदेशसभाको मतगणना जारी छ । चुनावी नतिजालाई हेर्दा, करिब-करिब अहिले पनि विभिन्न दलहरुको खिचडी सरकार बन्ने निश्चित छ । अब फेरि सत्ताको लागि राजनीतिको फोहोरी खेल शुरु हुनेछ । अहिलेको अंक गणितले न बिजगणितको काम गर्ने छ, न त ज्यामितिको नै । सत्तालिप्साले भाँचिएका मनहरु अब सोझिने छन् । अनि कठोर पथ्थर पनि पग्लिने छ । आफन्तहरु सल्बलाउने, दलाल भ्रष्टहरु चल्बलाउने, राज्यका महत्वपूर्ण पदहरुको मोलमोलाई गर्ने दिन फेरि आउनेछ । व्यवस्थापिकाको तजबिजी भएपछि कार्यपालिकामा कवाफको हड्डी फोर्नेछन् । उता न्यायापालिकामा समेत आफन्तहरु भर्ती गर्ने, संवैधानिक निकायहरुमा चलखेल गर्ने, ठेकेदार हरुलाई विदेशी कुटनीतिक नियोगमा भर्ती गर्ने आदि अनियमित कार्यहरु हुनेछन् । बिडम्बना भन्नुपर्छ, जनमत पनि त्यस्तै तत्वलाई सहयोग गर्ने खालको बन्यो । त्यसैले, अबको पाँच वर्ष पनि संसदीय अंकगणितको खेलमा नै बित्ला जस्तो छ, जसरी २०६४ सालको निर्वाचन पछिको परिणाम देखिएको थियो । जनताले राजनीतिक धरातलका केही फोहोरका डंगुरलाई मिल्काए पनि अझै डम्पिङ साइडको फोहोरलाई भने ख्यालै गरेनन् । जसले गर्दा राजनीतिमा दुर्गन्धित हावा फैलिएर फेरि उहीँ प्रवृतीको हावी हुने सम्भावना प्रवल देखियो ।

# विनोद चौधरीद्वारा बर्दघाटमा जनसम्पर्क कार्यालय स्थापना



**जगत ठाडा मगर/मध्यान्ह**
नवलपरासी, मंसिर १२

नवलपरासी क्षेत्र नम्बर १ बाट निर्वाचित नेपाली कांग्रेसका नेता विनोद चौधरीले बर्दघाटमा जनसम्पर्क कार्यालय स्थापना गरेका छन्। उनले आफू निवार्चित भएको निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा सदस्य जनसम्पर्क कार्यालयको स्थापना गरेका हुन्। चुनाव प्रचार-प्रसारका बेला मतदताले उठाएको विषयलाई सम्बोधन गर्दै चौधरीले सम्पर्क कार्यालय स्थापना गरेर जनतासँग प्रत्यक्ष सम्पर्क राख्ने वातावरणको सृजना गरेका हुन्।

निर्वाचन क्षेत्रका जनताको समस्याबारे जानकारी लिन र समाधानतर्फ केन्द्रित रहने उद्देश्यले प्रतिनिधिसभा सदस्य सम्पर्क कार्यालय सञ्चालनमा ल्याइएको चौधरीको निजी सचिवालयले जानकारी दिएको छ। जनसम्पर्क कार्यालयमा स्थानीय जनताले कार्यालय पुगेर वा टेलिफोनमार्फत समस्या अथावा गुनासो राख्न सक्ने व्यवस्था गरिएको छ। जनसम्पर्क कार्यालयको स्थापना भएपछि जनताले आफ्ना समस्या, गुनासो तथा सुझाव सहजै रुपमा चौधरीसमक्ष पुऱ्याउन सक्ने चौधरीको निजी सचिवालयले जनाएको छ।

# स्याउको बिरुवामै भ्रष्टाचार, तीन जनाविरुद्ध मुद्दा दायर




**काठमाडौं/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुगुको छाँयानाथ रारा नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत पिताम्वर सारु, लेखा अधिकृत लोकेन्द्र रावत र प्राविधिक सहायक उमाकान्त भण्डारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेका छ।

हिमाली क्षेत्रका कृषकको जीवनस्तर सुधार गर्ने र आर्थिकरुपमा सबल बनाउने उद्देश्यले अगाडि सारिएका कार्यक्रममा अनियमितता भएको पाइएपछि आरोप-पत्र दायर गरिएको अख्तियारले जनाएको छ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार स्थानीय सरकारले हिउँदे फलफूलका बिरुवा स्याउ, दाँते ओखर, च्याउको बीउ तथा जैविक विषादी उपलब्ध गराउने अगाडि सारेको कार्यक्रममा भ्रष्टाचार गरिएको भन्दै उजुरी परेपछि आयोगले अनुसन्धान शुरु गरेको थियो।

मुगुको छायाँनाथ रारा नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन गरेको कार्यक्रममा तोकिएको कार्यक्रमअनुसार बिरुवा नल्याइ झुठो बिल भर्पाई बनाएर भ्रष्टाचार गरेको पाइएकाले विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ।

बिरुवा खरिदका लागि वास्तविक लागतभन्दा बढीको नक्कली बिल बनाएको तथा किसानबाट उठाएको रकम हिनामिना गरेको पाइएको छ। आयोगका आयोगका प्रवक्ता भण्डारीका अनुसार सो नगरपालिकाका तत्कालीन निमित्त प्रशासकीय अधिकृत सारु र लेखा अधिकृत रावतविरुद्ध एक लाख ६१ हजार बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको हो। यस्तै नगरपालिकाका प्राविधिक सहायक भण्डारीविरुद्ध दुई लाख २३ हजार एक सय बराबरको बिगो दाबी गर्दै अख्तियारले मुद्दा दायर गरेको हो।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**(प्रशासन, योजना तथा दर्ता शाखा)**

## सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालनको लागि यस विभागबाट इजाजत पत्र प्राप्त संस्था श्री **Golden Gate Recruitment Service Pvt Ltd. (Go International Pvt.Ltd) (ई.प.नं. ११३५/०६३/०६४)** ले यस विभाग समक्ष इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुद प्रमाण सहित **बैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागमा मिति २०७९/०८/०८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

यस संस्थाको निर्माण भईरहेको भवनको फिनिसिङ कार्यका लागि आवश्यक सामाग्रीहरु सप्लाई गर्न इजाजत प्राप्त फर्म/कम्पनीहरुलाई संस्थाको सूचना पाटीमा बिस्तृत विवरण टाँस गरिएको छ। सोही बमोजिम संस्थाको कार्यालयमा सम्पर्क गरी कार्य गर्न अनुरोध गरिन्छ।

**सम्पर्क**
**श्री डुकपेमा कारपो सोसाइटी**
**नागार्जुन न.पा. वडा नं. ०६, काठमाण्डौ**
**फोन नं: ०१-२०७२१८०**
**इमेल : societydpk2@gmail.com**


## कतारमा रोजगारको अवसर

कम्पनी: SMEET PRECAST WLL
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७९/०८/०८ चलानी नं.: ६०१९२००४ L.T. No.: 276453 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 84 | 0 | स. काममा दक्ष | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## मलेसियामा रोजगारको अवसर

कम्पनी: PROMASTER TEAM SDN BHD
शहर: MALAYSIA

पुर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२१९ L.T. No.: 272515 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 32 | 0 | स. काममा दक्ष | 1500 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1140/073/074
**Al Raas Recruitment Services Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal Tel : 01-4375437
Email : alraasreception@gmail.com, alraasrecruitment@gmail.com

## MALAYSIA मा रोजगार

१. कम्पनी: P.S. Yew Brothers Trading Sdn.Bhd.
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०८/१२ चलानी नं.: ६०१९२२३९ LT. No.:276551

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKER | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल मून ओभरसिज प्रा. लि.**
AMO
श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोन: ०१-४९८९७१८,०१-४९८९७१९

## मलेसियामा रोजगार

कम्पनी: SRI LANANG PROTECTIVE SDN BHD
शहर: Kuala Lumpur

पूर्व स्वीकृत मितिः २०७९/०१/०२ चलानी नं.: ६०१७७९२९ L.T. No.: 261737 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 4 | 0 | स. काममा दक्ष | 1500 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

## मलेसियामा रोजगार

कम्पनी: PEGASUS STRATEGIC ALLIANCES SDN BHD
शहर: MELAKA

पूर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८६४६० LT. No.:270634 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 9 | 0 | स. काममा दक्ष | 1500 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्स: ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

## कुवेतमा रोजगार

१. कम्पनी: AL MAHA AGRICULTURAL CONTRACTING COMPANY W.L.L.
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०७/२८ चलानी नं.: ६०१६७५१५ L.T. No.: 250559 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ६६,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 2 | 0 | | 130 | ५१,१०१ | | | | | | | |
| 3. | Cashier | 10 | 0 | | 150 | ५८,९६३ | | | | | | | |
| 4. | Labor | 15 | 0 | | 110 | ४३,२३९ | | | | | | | |

२. कम्पनी : ASAWWER BEAUTY SALON FOR WOMEN शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०८/१२ चलानी नं.: ६०१९२२२३ L.T. No.: 276680

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 150 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१ को रु.१०,०००।- क.नं.२ को नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Destiny Human Resource Nepal Pvt. Ltd.**
DHR
Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890 Email:destinykuwait3@gmail.com
Mob: 9847932530, 9851147445, 9806239807, 9869556151, 9840973280
9843196615, 9851163776

## कतारमा रोजगार

कम्पनी: PALAKATA TRADING CONTRACTING & HOSPITALITY WLL
शहर: Doha

पूर्व स्वीकृत मितिः २०७९/०५/१६ चलानी नं.: ६०१८६६०० LT. No.: 270668 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६०,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foremen | 3 | 0 | | 2500 | ८९,००० | | | | | | | |
| 3. | General Supervisior | 2 | 0 | | 2500 | ८९,००० | | | | | | | |
| 4. | Mason | 1 | 0 | | 1200 | ४२,७२० | | | | | | | |
| 5. | Representative | 1 | 0 | | 2500 | ८९,००० | | | | | | | |
| 6. | Supervisior | 1 | 0 | | 2500 | ८९,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन: ०१-४७८३३४७, फ्याक्स: ०१-४७८३३४८

## साउदीमा रोजगार

कम्पनी: AMJAD AL-SHARQ EST. GENERAL CONTRACTING
शहर: Dammam

पूर्व स्वीकृत मितिः २०७९/०८/१२ चलानी नं.: ६०१९२२२६ L.T. No.:276709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Cafe Dakheelallah Mohammed Al Muammar To Serve Drinks शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७९/०८/१२ चलानी नं.: ६०१९२२२७ L.T. No.: 276710

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourr | 3 | 0 | स. काममा दक्ष | 1000 | ३४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

## साउदीमा रोजगार

कम्पनी: MODERN METALS COMPANY FOR INDUSTRY IS A ONE-PERSON COMPANY
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०८/१२ चलानी नं.: ६०१९२२१२ LT. No.: 276740

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Sasha Overseas Pvt. Ltd.**
Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

## मलेसियामा रोजगार।

कम्पनी: CT HENG FURNITURE SDN BHD
शहर: Malaysia,SUNGAI MATI LEDANG

पूर्व स्वीकृत मितिः २०७९/०८/१२ चलानी नं.: ६०१९२२४९ L.T. No.: 276633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 21 | 0 | स. काममा दक्ष | 1500 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२.कम्पनी: SLURP & BURP CONCEPT SDN BHD शहर: Malaysia,JALAN AMPANG
पूर्व स्वीकृत मितिः २०७९/०८/१२ चलानी नं.: ६०१९२२४८ L.T. No.: 276634

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 3 | 0 | स. काममा दक्ष | 1500 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २० गते (6 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ADVANCED MANAGEMENT CONSULTANTS**
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
